श्रीः

नेपाल सरकार

क्रमसंख्या .... .... .... भन्सारअड्डा मिति ...............

# भन्सार प्रज्ञापन-पत्र—१

म यो पत्रद्वारा घोषणा गर्दछु कि तपसीलमा लेखिएका अद्दतहरूमा तपसीलमा लेखिएबमोजिमका मालहरू ठीक दुरूस्त छ। फरक पारी लेखिदिएको ठहरे ऐन सवालबमोजिम बुझाउँला।

## तपसील

माल पैठारी भएको वा निकाशी हुने ठाउँ .... .... .... .... ....

| अद्दत | | | माल | | | | कफियत |
|---|---|---|---|---|---|---|---|
| विवरण चिन्ह | संख्या | तौल | | संख्या | दर | जम्मा मोल | |
| | | | | | | | |

भन्सारअड्डाको .. .. .. मालधनी वा निजका वारीसको सहि .. ..

साक्षीफाटको .. .. .. मालधनीको पूरा नाम .. .. ..

पूरा ठेगाना .. .. ..

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

## सूचनाः—

(१) मालधनीले भन्सारमा माल खोल्न लगाउनुभन्दा अगाडि यो प्रज्ञापनपत्र भर्नुपर्छ र प्रज्ञापनपत्रको साथ सकल बिजक पनि पेश गर्नुपर्छ ।

(२) प्रज्ञापनपत्र भरी पेश भएपछि हाकिम तहरीरले त्यसमा सहि गरी आफूसँग राखेपछि मात्र मालधनी जाँचकीको अगाडि सो अड्डत खोली लगत गर्न लाउनुपर्दछ ।

(३) मालधनीले गलत जाहेर गरेमा भन्सारका नाउँमा भएको सवालको ५० दफावमोजिमको चन्दा महसूल तिर्नुपर्नेछ ।

(४) मालधनीले प्रज्ञापनपत्रको कैफियत–खण्डमा मालको पूरा विवरण दिन सकिन भनी स्पष्टीकरण खोली लेखिदिएमा औ भन्सारका हाकिम र साक्षी हाकिमले मनासीब ठहराइएमा यस्ता अड्डत हाकिम वा तहरीरसमेतको रोहवरमा खोलिनेछन् । यसरी खोलिएका अड्डतमा लाग्ने भन्सार–महसूलको शयकडा ५ थप दस्तुर लाग्नेछ ।

(५) खोल्ने कर्मचारीले गफलत गरी फाराम भरेमा गफलत गर्ने कर्मचारीलाई पहिला पटक मोरु ५०।५० का दरले जरिवाना लाग्नेछ र दोस्रो पटक जागीरबाट बरखास्त गर्न जाहेर हुनेछ ।

(ग)

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

श्री:

नेपाल सरकार

क्रमसंख्या .... .... .... .... .... भन्सार मिति .... ....

## भन्सार प्रज्ञापन–पत्र—२

म यस पत्रद्वारा जाहेर गर्दछु कि तपसीलमा लेखिएका अड्डाहरूमा तपसीलमा लेखिएबमोजिमका मालहरु ठीक दुरूस्त छ। यी मालहरु को निजी व्यवहारको माल हुनाले भन्सार नखुलाई महसूल नतिरी छुटाइपाऊँ। फरक पारी लेखी दिएको ठहरे ऐन सवालबमोजिम बुझाउँला।

तपसील

माल पैठारी भएको वा निकाशा हुने ठाउँ .... .... .... .... .... .... ....

| अड्डा | | | माल | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विवरण | संख्या | तौल | | संख्या | दर | जम्मा मोल | |
| | | | | | | | |

भन्सार अड्डाका हाकिम तहरीरको सहि मिति

साक्षी–हाकिम तहरीरको सहि मिति

प्रज्ञापनपत्र दिनेको दर्जा नाम थर

मालधनी वा निजका वारीसको सहि

पूरा ठेगाना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि

## सूचनाः—

(१) निजी व्यवहारको मालमा बाहेक अरुमा भन्सारमहसूल लाग्नेछ ।

(२) पञ्चापनपत्रबमोजिमको माल होइन भन्ने शङ्का लाग्छ भने भन्सारले अद्दत खोली हेर्न पाउँदछ र ऐन सवालबमोजिम हुनेछ ।

(३) मालको लगतसम्म पनि दिन असमर्थता प्रकट गरेमा भन्सारका हाकिम साक्षीका सामुन्नेमा अद्दत खोली यो फाराममा भर्न लाउनुपर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र

श्री ५ को सरकार

क्रमसंख्या. .... ....          .... .... .... **भन्सार**          मिति. .... ....

## भन्सार प्रज्ञापनपत्र–३

म यो पत्रद्वारा जाहेर गर्छु कि तपसीलमा लेखिएका अड्डतहरूमा तपसीलमा लेखिएबमोजिमको माल ठीक दुरुस्त छ। यी मालहरू सरकारिया अड्डाले सरकारी काम काजको निम्ति झिकाई आएको हो। यी मालहरूमध्ये कुनै पनि कुनै कन्ट्राक्टर ठेकदार वा व्यक्तिले वा मार्फत झिकाई आएको र बिक्रीको निम्ति झिकाई आएको समेत होइन। यसकारण यी मालहरू जगतसम्म राखी महसूल नलिई छुटाइपाऊँ। यी बेहोरा फरक पारी लेखिदिएको ठहरे ऐन सवालबमोजिम बुझाउँला।

तपसील

माल पैठारी भएको वा निकाशी हुने ठाउँ .... .... .... .... .... .... .... .... .... ....

| अड्डत | | | माल | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| विवरण चिन्ह नम्बर | संख्या | तौल | | संख्या | दर | जम्मा | |
| | | | | | | | |

भन्सारका हाकिम या तहरीरको सहि .... ....          मिति ....          सहि .... ....

साक्षी – हाकिम वा तहरीरको सहि .... ....          मिति ....          सहि गर्नेको दर्जा नाम थर वतन

अड्डा या विभाग

मुद्रण विभाग,
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएको छ

## सूचना

(१) ठेकदार कन्ट्राक्टर वा व्यक्तिले वा मार्फत पैठारी या निकाशी हुने मालमा सरकारिया कामको निमित्त भए पनि भन्सार-महसूल माफी हुनेछैन । विभाग विभागका सेक्रेटरी वा डाइरेक्टरका नाउँमा, अफिसको ठेगानामा आएको मालमा यो माल सरकारिया हो भनी सेक्रेटरी वा डाइरेक्टरले सर्टिफाई गराई लगत राखी भन्सारमहसूल नलिई छाडिदिने र सो छाडेको ७ सात दिनभित्र सम्बन्धित मन्त्रालयमा त्यसको लगतसमेत दिई सूचना पठाउन लाउनुपर्छ ।

(२) सरकारबाट बिक्रीको निमित्त पैठारी वा निकाशी हुने मालमा पनि भन्सारमहसूल माफी हुनेछैन ।

(३) गलत घोषणा गरे त्यस्ता हाकिम वा अफिसरलाई पहिला पटकमा लाग्ने महसूलको बिगोबमोजिम जरिवाना हुनेछ र दोस्रो पटकमा जागीरबाट बर्खास्त गर्न जाहेर हुनेछ ।

(४) माल झिकाउने अड्डाले यो यो कामको निमित्त झिकाएको यो यो मालको महसूल यति यति भनी सबै विवरण खोली माललगत नगराउँदा त्यसको १ प्रति सारी लिई सो मालहरूको महसूल लगत गरेका ३५ दिनभित्र जाहेर गरी मिनाहा गराइलिनु । सोबमोजिम नगरी म्याद नाघेमा सयकडा १० का दरले हाकिमले जरिवाना बुझाउनुपर्छ ।

आज्ञाले—

हिमालयशमशेर,

सेक्रेटरी—अर्थमन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि